**मिति २०७९ फागुन १२ गते नगर कार्यपालिका (१४२औं) बैठकको (कार्यसुची) एजेण्डाहरु**

१. नगरप्रमुखज्यूको जापान भ्रमणबारे जानकारी सम्बन्धमा।
२. विभिन्न योजना तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।
३. स्थानीय पाठ्यक्रम "हाम्रो सूर्यविनायक" कक्षा-६-८ स्वीकृत गर्ने सम्बन्धमा।
४. प्रदेश समपुरक तथा विशेष योजना छनौट गरी सिफारिस गर्ने सम्बन्धमा।
५. हरित वन स्वयंसेवक परिचालन सम्बन्धमा।
६. नगरपालिकाको प्रथम आवधिक योजना तर्जुमा गर्ने सम्बन्धमा।
७. सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति सम्बन्धमा।
८. सडक क्षेत्राधिकार सम्बन्धी निर्णय खारेजी सम्बन्धमा।
९. विद्यालय भवन निर्माणको लागि सार्वजनिक पर्ति जग्गा सिफारिस सम्बन्धमा
१०. करार सेवामा नियुक्ति सम्बन्धमा।
११. योजना संसोधन सम्बन्धमा।
१२. विविध।

**छलफल तथा निर्णयहरु**

**निर्णय नं १**

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) को आयोजनामा मिति २०७९।११।१३ देखि २०७९।११।२७ सम्म जापानमा हुन गइरहेको **"Project for Strengthening Disaster Risk Governance for Resilience Kathmandu Valley"** विषयक कार्यक्रममा सहभागी हुन जाने सम्बन्धमा नगरपालिकाका नगरप्रमुख श्री बासुदेव थापाको भ्रमणको सम्बन्धमा नगरप्रमुख थापाबाट बैठकलाई जानकारी गराइयो र त्यस पश्चात् बैठकले उहाँको भ्रमणको सफलताको लागि शुभकामना दिने र मिति २०७९।११।१३ देखि नगर प्रमुख कार्यालयमा उपस्थित नहुँदा सम्मको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ को खण्ड (क) को बुँदा नं. १२ बमोजिम नगर उपप्रमुख श्री सरिता तिमसिना भट्टराईलाई कार्यवाहक नगर प्रमुखको जिम्मेवारी दिने निर्णय गरियो।

**निर्णय नं २**

नगर सभाको एघारौं अधिवेशनबाट विपद व्यवस्थापन, मर्मत संभार, र अन्य विभिन्न शीर्षकमा विनियोजित रकमबाट देहाय बमोजिम आर्थिक सहयोग, विपद राहत वितरण, कार्यक्रम संचालन तथा निर्माण भएका आयोजना मर्मत संभारका लागि देहाय अनुसारको रकम खर्च लेख्न स्वीकृत गर्ने निर्णय गरियो।

**क. आर्थिक सहयोग र उपचार राहत खर्च**

| क.स. | आयोजना कार्यक्रम र सहयोगको विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | हरिओम राना मगर | वडा नं १० | २०००० |
| २ | शिवनारायण कासुला | वडा नं ९ | १०००० |
| ३ | करुना नेपाली (कल्पना) | वडा नं १ | २०००० |

| | | | |
|---|---|---|---|
| ४ | विनय पौडेल | वडा नं ७ | २५००० |
| ५ | रामलक्ष्मी श्रेष्ठ सिलाई मेशिन आ.स. | वडा नं ४ | १६५०० |
| ६ | अनुज न्यौपाने | वडा नं ४ | १०००० |
| ७ | प्रदीप कुमार राजथला | वडा नं १ | १०००० |
| ८ | मंगल श्रेष्ठ | वडा नं ३ | १०००० |

ख. खेलकुद

| क्र.स. | संस्थाको नाम | कार्यक्रम विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|---|
| १ | आई टि.एफ तेकान्दो | खेलकुद | वडा नं २ | ४५००० |
| २ | धावक रामसुन्दर कार्की | २७ फिट अग्लो २- टन पितलको गदा स्थापना | गोदावारी | ५०००० |
| ३ | जीवन विज्ञान | स्थानीय सामाजिकीकरण कार्यक्रम | वडा नं ३ | ३००००० |

ग. सूचना प्रशारण

| क्र.स. | सूचना विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | सेवा पुस्तक छपाई कार्यक्रम आषिश कृष्ण शास्त्री | वडा.न १० | ९९००० |
| २ | नेपाल न्युज डट कम | | १७००० |
| ३ | दैनिक हव मिडिया हाउस | | २०००० |
| ४ | रफत संचार क्लब | भक्तपुर | १००००० |
| ५ | राष्ट्रपति रनिंग शिल्ड | प्रत्यक्ष प्रशारण | ४५२०० |

घ. विपद व्यवस्थापन लगायत अन्य कार्यक्रम संचालन

| क्र.स. | संस्थाको नाम | कार्यक्रम विवरण | ठेगाना | स्वीकृत रकम रु. |
|---|---|---|---|---|
| १ | सेतीदेवी पुष्प फर्म राजेन्द्र थापा | फूल खेती | वडा नं १० | ५०००० |
| २ | श्रेष्ठ जात्रा गुठी समिति रथ मर्मत | | सूनपा ४ | १००००० |

ङ. पूर्वाधार तर्फ मर्मत संभार

| क्र.स. | आयोजना कार्यक्रम र सहयोगको विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| ३ | सुनाखरी मार्ग ब्लक विछ्याउने कार्य | वडा नं २ | २००००० |
| ४ | रागिनी आर्ट माथिको बाटोमा मेशिनरी वाल | वडा नं २ | ६००००० |
| ५ | रेडक्रस भवन थप बजेट | वडा नं १० | ५००००० |
| ६ | सल्लाघारीमा दिर्घमुक्तेश्वर महादेव चौसठी निर्माण | वडा नं १० | १०००००० |
| ७ | गर्गाचार्य कम्प्यूटर मार्ग स्तरोन्नती | वडा नं ८ | २००००० |
| ८ | कालीटार मार्ग स्तरोन्नती | वडा नं १ | १०००००० |

| | | | |
|---|---|---|---|
| ९ | फोर्षपार्क सडक योजना थप बजेट विनियोजन | वडा नं २ | ६५०००० |
| १० | वडा कार्यालयदेखि समाज कल्याण जाने बाटो ढलान | वडा न.३ | ३००००० |
| ११ | उज्यालो टोल ढल तथा सडक ग्राभेल उ.स.६०।४० बजेटबाट | वडा नं २ | १८००००० |
| १२ | अरनिको आवास क्षेत्र भित्र बाटो ढलान | ४ | ७५०००० |
| १३ | खडका गाउँबाट तमागं टोल जानेबाटो | ४ | २०००००० |
| १४ | अरनिको विद्यालय क्षेत्र बाटो ग्राभेल | वडा नं ४ | ५००००० |
| १५ | अरनिको स्कुलबाट सिरुटार जाने बाटो ग्राभेल | वडा नं ४ | ५००००० |
| १६ | अरनिको स्कुलबाट भित्रीबाटो ग्राभेल | वडा नं ४ | ४००००० |

**निर्णय नं ३**

नगरपालिका क्षेत्रभित्रको विद्यालयमा लागू गर्नको लागि नगरपालिकाले तयार पारेको स्थानीय पाठ्यक्रम "हाम्रो सूर्यविनायक" कक्षा-६ देखि ८ मा जलवायु परिवर्तन सम्बन्धी विषयवस्तु थप सहित स्वीकृत गरी सोको प्रवोधिकरण तथा आवश्यक संख्यामा छपाई गरी सबै विद्यालयमा पुर्याउने र आगामी शैक्षिक सत्र २०८० देखि नगरपालिकाभित्रका सबै विद्यालयमा स्थानीय पाठ्यक्रम "हाम्रो सूर्यविनायक" कक्षा-१ देखि ८ अनिवार्य रुपमा लागू गर्ने गराउने निर्णय गरियो। साथै स्थानीय पाठ्यक्रम "हाम्रो सूर्यविनायक" को आधारमा कक्षा १ देखि कक्षा ८ सम्मको पाठ्यपुस्तक प्रकाशनको लागि सोको पाण्डुलिपी तयार पार्ने कामलाई यसै आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी तत्काल काम अघि बढाउन सचिवालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ४**

बागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ६०२ मिति २०७९।११।१० गतेको पत्र बमोजिम आर्थिक वर्ष २०८०/०८१ को लागि प्रदेश समपूरक तथा प्रदेश विशेष अनुदानको लागि देहाय बमोजिमको आयोजना छनौट गरी सिफारिस गरी पठाउने निर्णय गरियो।

**क. समपूरक योजना**

| क्र.सं. | योजनाको नाम | ठेगाना | लागत अनुमान रु. | कैफियत |
|---|---|---|---|---|
| १ | खड्कागाउँ सल्लाघारी सडक | वडा नं १० | १ करोड | |
| २ | गुण्डु कालीकाडाँडा धोवीखोला सडक | वडा नं १० | १ करोड | |
| ३ | लापुली सडक | वडा नं ७ | १ करोड | |
| ४ | आर्दशबाट वडा कार्यालय सडक | वडा नं ८ | १ करोड | |
| ५ | भोलुंगेपुल काकांबारी सडक | वडा नं ९ | १ करोड | |

**ख. विशेष योजना**

| क्र.सं. | योजनाको नाम | ठेगाना | लागत अनुमान रु. | कैफियत |
|---|---|---|---|---|
| १ | खुलालगाउँ भूक्ष्य नियन्त्रण | वडा नं १० | १ करोड | |

| २ | चख्खुखोला कटान नियंत्रण | वडा नं | १ करोड | |
|---|---|---|---|---|

**निर्णय नं ५**

सुख्खा तथा खडेरीको समय शुरु भएको र यस समयमा आगलागी र डढेलोको प्रकोप बढ्ने कुरालाई मध्यनजर गरी नगरपालिका क्षेत्रभित्र वन दस्ता परिचालनको लागि दुईजना वन दस्तालाई मासिक जनही रु.बीस हजारको दरले पाँच महिनाको लागि खटाउन सहयोग गरिदिनको लागि डिभिजन वन कार्यालय, भक्तपुरबाट अनुरोध भई आएकोमा डिभिजन वन कार्यालयको अनुरोध बमोजिम २०७९ साल चैत १ देखि २०८० साल असार मसान्त सम्म चार महिनाको लागि दुई जना हरित स्वयंसेवक परिचालनको लागि मासिक जनही रु.बीस हजारको दरले हुन आउने कूल रकम रु.एक लाख साठी हजार मात्र डिभिजन वन कार्यालय, भक्तपुरलाई पछि आर्थिक वर्ष समाप्त हुनु अगावै नियमानुसार फरफारक गर्ने गरी सो कार्यालयको बैंक खातामा निकासा पठाउने निर्णय गरियो ।

**निर्णय नं ६**

नगरपालिकाको प्रथम आवधिक योजना तर्जुमाको काम तिव्र रुपमा अघि बढाई यसै आर्थिक वर्षभित्र योजना तर्जुमाको काम सम्पन्न गरी आगामी आर्थिक वर्ष २०८०/०८१ देखि कार्यान्वयनको व्यवस्था मिलाउन सचिवालयलाई निर्देशन दिने र नगरपालिकाको प्रथम आवधिक योजना तर्जुमाको लागि राष्ट्रिय योजना आयोगको तर्फबाट जारी गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को प्रावधान बमोजिम गठन गर्नुपर्ने निर्देशक समिति, संयोजन तथा सहजीकरण समिति र विषयगत समिति देहाय अनुसार गठन गरी कार्य प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

क. **निर्देशक समिति**

| क्र.स. | नाम थर | पद | समितिको पदीय जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री बासुदेव थापा | नगर प्रमख | संयोजक |
| २ | श्री सरिता तिमसिना भट्टराई | उप प्रमुख | सदस्य |
| ३ | श्री सानुकाजी कायस्थ | क्षमता विकास तथा सुशासन समिति | सदस्य |
| ४ | श्री प्रदिप कार्की | विधेयक समिति | सदस्य |
| ५ | श्री राजकुमार जोशी | लेखा समिति संयोजक | सदस्य |
| ६. | श्री रविन्द्र सापकोटा | सामाजिक विकास समिति | सदस्य |
| ७. | श्री पुष्पराज बस्नेत | आर्थिक विकास समिति | सदस्य |
| ८ | श्री भगवान खत्री | वातावरण तथा विपद व्यवस्थापन | सदस्य |
| ९ | श्री शिवराम राउत | पूर्वाधार विकास समिति | सदस्य |
| १० | श्री दिपेन्द्र खत्री | वडा नं ३ अध्यक्ष, कार्यपालिका सदस्य | सदस्य |
| ११ | श्री लछुराम न्यौपाने | वडा नं ३ अध्यक्ष, कार्यपालिका सदस्य | सदस्य |
| १२ | श्री इश्वर खड्का | वडा नं ६ अध्यक्ष, कार्यपालिका सदस्य | सदस्य |

| | | | |
|---|---|---|---|
| १३ | श्री तारा खतिवडा सापकोटा | कार्यपालिका सदस्य | सदस्य |
| १४ | श्री कमला पोखरेल | कार्यपालिका सदस्य | सदस्य |
| १५ | श्री हेमा दहाल खतिवडा | कार्यपालिका सदस्य | सदस्य |
| १६ | श्री सावित्री मिश्र | कार्यपालिका सदस्य | सदस्य |
| १७ | श्री शर्मिला बस्नेत | कार्यपालिका सदस्य | सदस्य |
| १८ | श्री सुनिल भुजेल | कार्यपालिका सदस्य | सदस्य |
| १९ | श्री प्रजुन तिखत्री | कार्यपालिका सदस्य | सदस्य |
| २० | सुमन परियार | कार्यपालिका सदस्य | सदस्य |
| २१ | डा.सागरकुमार राजभण्डारी | कार्यकारी निर्देशक सूर्यविनायक नगर अस्पताल | सदस्य |
| २२ | श्री रत्नबहादुर कटवाल | आर्थिक तथा समाजिक विकास महाशाखा प्रमुख | सदस्य |
| २३ | श्री राजेन्द्रप्रसाद नेपाल | प्रशासन शाखा प्रमुख | सदस्य |
| २४ | श्री लोकनाथ सापकोटा | शहरी विकास तथा भवन निर्माण शाखा प्रमुख | सदस्य |
| २५ | श्री जनक न्यौपाने | पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| २६ | श्री अनिरुद्र नेपाल | योजना, अनुगमन तथा वित्त व्यवस्थापन शाखा प्रमुख | सदस्य |
| २७ | श्री सरस्वती कोइराला | शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख | सदस्य |
| २८ | श्री सर्वदा पण्डित | आर्थिक प्रशासन उपशाखा प्रमुख | सदस्य |
| २९ | श्री राजेन्द्रकुमार श्रेष्ठ | सहकारी, उपभोक्त हित संरक्षण तथा गैसस समन्वय उपशाखा प्रमुख | सदस्य |
| ३० | श्री शान्तिला बुढाथोकी | कृषि तथा पशुपंक्षी विकास शाखा प्रमुख | सदस्य |
| ३१ | श्री बसन्त चापागाई | जनस्वास्थ्य उपशाखा प्रमुख | सदस्य |
| ३२ | श्री रञ्जना पोखरेल | समावेशीकरण उपशाखा प्रमुख | सदस्य |
| ३३ | श्री सुरज पौडेल | इजलास अधिकृत, न्यायिक समिति | सदस्य |
| ३४ | श्री पुष्पाकुमारी पाण्डेय | रोजगार संयोजक, प्रधानमन्त्री रोजगार कार्यक्रम | सदस्य |
| ३५ | श्री प्रतिमा कडेल | एमआइएस अपरेटर, पंजीकरण तथा सामाजिक सुरक्षा एकाई | सदस्य |
| ३६ | श्री | नगर प्रमुखले तोकेको विज्ञ | सदस्य |
| ३७ | श्री | नगर प्रमुखले तोकेको विज्ञ | सदस्य |
| ३८ | श्री | नगर प्रमुखले तोकेको विज्ञ | सदस्य |

| ३९ | राजेन्द्रप्रसाद कडेल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |
|---|---|---|---|

ख. विषयं क्षेत्रगत समिति

१.आर्थिक विकास समिति

| क्र.स. | नाम थर | समितिमा पदीय जिम्मेवारी |
|---|---|---|
| १ | पुष्पराज बस्नेत | संयोजक |
| २ | लछुराम न्यौपाने | सदस्य |
| ३ | सुमन परियार | सदस्य |
| ४ | हेमा दाहाल् खतिवडा | सदस्य |
| ५ | सरला विश्वकर्मा | सदस्य |
| ६ | उद्योग बाणिज्य संघ नगर समिति | सदस्य |
| ७ | कृषि ज्ञान केन्द्र | सदस्य |
| ८ | घरेलु तथा साना उद्योग कार्यालय | सदस्य |
| ९ | पर्यटन सम्बन्धी संस्थाहरु | सदस्य |
| १० | होटेल व्यवसायी संघ | सदस्य |
| ११ | सहकारी संघ | सदस्य |
| १२ | कृषि तथा पशुपंक्षी विकास उपशाखा प्रमुख | सदस्य |
| १३ | उद्योग, व्यवसाय तथा पर्यटन क्षेत्र हेर्ने शाखा प्रमुख | सदस्य |
| १४ | सहकारी तथा उद्यमशलिता विकास हेर्ने शाखा प्रमुख | सदस्य |
| १५ | आर्थिक प्रशासन हेर्ने शाखा प्रमुख | सदस्य सचिव |

२. सामाजिक विकास समिति

| क्र.स. | नाम थर | समितिमा पदीय जिम्मेवारी |
|---|---|---|
| १ | रविन्द्र सापकोटा | संयोजक |
| २ | दिपेन्द्र के.सी. | सदस्य |
| ३ | शेरकाजी सुवाल | सदस्य |
| ४ | सावित्री मिश्र | सदस्य |
| ५ | पम्फा परियार | सदस्य |
| ६ | शिक्षा समन्वय ईकाई | सदस्य |
| ७ | जिल्ला स्वास्थ्य कार्यालय | सदस्य |
| ८ | खेलकुद विकास समिति | सदस्य |
| ९ | नगर बाल संजाल/ समिति | सदस्य |
| १० | युवा क्लब | सदस्य |
| ११ | जेष्ठ नागरिक संघ/ समिति | सदस्य |
| १२ | गैसस महासंघ | सदस्य |
| १३ | अपांग समन्वय समिति | सदस्य |
| १४ | नेपाल पत्रकार महासंघ प्रतिनिधि | सदस्य |
| १५ | आर्थिक तथा समाजिक विकास महाशाखा प्रमुख | सदस्य |

| | | |
|---|---|---|
| १६ | जनस्वास्थ्य हेर्न शाखा प्रमुख | सदस्य |
| १७ | समावेशीकरण उप शाखा प्रमुख | सदस्य |
| १८ | गैसस समन्वय सम्बन्धी विषय हेर्ने शाखा प्रमुख | सदस्य |
| १९ | प्रधानमन्त्री रोजगार कार्यक्रमको रोजगार संयोजक | सदस्य |
| २० | पंजीकरण तथा सामाजिक सुरक्षा हेर्न एमआइएस अपरेटर | सदस्य |
| २१ | शिक्षा, युवा तथा खेलकुद विषय हेर्ने शाखा प्रमुख | सदस्य सचिव |

### ३. पूर्वाधार विकास समिति

| क्र.स. | नाम थर | समितिमा पदीय जिम्मेवारी |
|---|---|---|
| १ | शिवराम राउत | संयोजक |
| २ | प्रदिप कार्की | सदस्य |
| ३ | गिता पण्डित | सदस्य |
| ४ | जनक भण्डारी | सदस्य |
| ५ | अन्जना नेपाली | सदस्य |
| ६ | डिभिजन सडक कार्यालय प्रतिनिधि | सदस्य |
| ७ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय प्रतिनिधि | सदस्य |
| ८ | शहरी विकास तथा भवन निर्माण कार्यालय प्रतिनिधि | सदस्य |
| ९ | उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय प्रतिनिधि | सदस्य |
| १० | खानेपानी उपभोक्ता समितिको तर्फबाट प्रतिनिधि १ जना | सदस्य |
| ११ | यातायात व्यवसायी समितिको प्रतिनिधि १ जना | सदस्य |
| १२ | निर्माण व्यवसायी संघको प्रतिनिधि १ जना | सदस्य |
| १३ | नेपाल विद्युत प्राधिकरण प्रतिनिधि | सदस्य |
| १४ | शहरी विकास तथा भवन निर्माण शाखा प्रमुख | सदस्य |
| १५ | सिचाई डिभिजन कार्यालय प्रतिनिधि | सदस्य |
| १६ | नेपाल टेलिकम कार्यालय प्रतिनिधि | सदस्य |
| १७ | पूर्वाधार विकास शाखा प्रमुख | सदस्य सचिव |

### ४. वन, वातावरण तथा विपद व्यवस्थापन समिति

| क्र.स. | नाम थर | समितिमा पदीय जिम्मेवारी |
|---|---|---|
| १ | भगवान खत्री | संयोजक |
| २ | ईश्वर खडका | सदस्य |
| ३ | विदुर खड्का | सदस्य |
| ४ | प्रजुन तिखत्री | सदस्य |
| ५ | राधिका मिजार | सदस्य |
| ६ | डिभिजन वन कार्यालय प्रतिनिधि | सदस्य |
| ७ | जिल्ला प्रशासन कार्यालय प्रतिनिधि | सदस्य |
| ८ | जिल्ला भू संरक्षण कार्यालय प्रतिनिधि | सदस्य |
| ९ | जल उत्पन्न प्रकोप नियंत्रण कार्यालय | सदस्य |

| | | |
|---|---|---|
| १० | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | सदस्य |
| ११ | सुरक्षा निकाय नेपाली सेना, नेपाल प्रहरी,सशस्त्र प्रहरी बल | सदस्य |
| १२ | नेपाल रेडक्रस सोसाइटी | सदस्य |
| १३ | सामुदायिक वन उपभोक्ता महासंघ | सदस्य |
| १४ | फोहर मैला व्यवस्थापन संलग्न संस्था प्रतिनिधि | सदस्य |
| १५ | वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख | सदस्य सचिव |

**५. सुशासन तथा संस्थागत विकास समिति**

| क्र.स. | नाम थर | समितिमा पदीय जिम्मेवारी |
|---|---|---|
| १ | सानुकाजी कायस्थ | संयोजक |
| २ | राजकुमार जोशी | सदस्य |
| ३ | शर्मिला वस्नेत | सदस्य |
| ४ | पूजा वराह | सदस्य |
| ५ | उमेश कार्की | सदस्य |
| ६ | जिल्ला समन्वय समिति प्रतिनिधि | सदस्य |
| ७ | कोष तथा लेखा नियन्त्रक कार्यालय प्रतिनिधि | सदस्य |
| ८ | जिल्ला प्रशासन कार्यालय प्रतिनिधि | सदस्य |
| ९ | भूमिसुधार तथा मालपोत कार्यालय प्रतिनिधि | सदस्य |
| १० | सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन हेर्ने अधिकृत | सदस्य |
| ११ | प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं ७**

नगरपालिकाको "सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति कार्यविधि, २०७९" बमोजिम सामुदायिक विद्यालयमा प्रधानाध्यपक छनौट गर्ने सिलसिलामा उम्मेदवारहरुको विद्यालय विकास प्रस्तावको मूल्याङ्कन, सो प्रस्ताव उपरको प्रस्तुतिकरण, प्रश्नोत्तर तथा छलफलको मूल्याङ्कन गर्न तथा उम्मेदवारहरुको अन्तर्वार्ता लिने कार्यको लागि शिक्षा तथा व्यवस्थापनको क्षेत्रमा अनुभवी व्यक्तिहरुको रोष्टर तयार पार्नको मिति २०७९।१०।२९ गते पन्ध्र दिने सूचना प्रकाशन गरिएकोमा उक्त सूचना अनुसार निवेदन दिने तथा ट्यालेन्ट हन्ट मार्फत नगरपालिकाले सोझै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ख्याति प्राप्त व्यक्तिहरुलाई अनुरोध गरे अनुसार इच्छा व्यक्त गर्नु भएका व्यक्तिहरुको विवरण संकलन तथा अध्ययन गरी तोकिएको कार्य सम्पादन गर्न उपयुक्त देखिएका व्यक्तित्वहरुको नाम छनौट गरी काम अघि बढाउन प्रमुख प्रशासकीय अधिकृत मार्फत सचिवालयलाई निर्देशनं दिने र यस कार्यको लागि छनौट भएका व्यक्तिहरुको नामावली आगामी कार्यपालिका बैठकले अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं ८**

नगरपालिकाको सबै किसिमको बाटोको चौडाई कम्तिमा ६ मिटर हुने तर १५० मिटर सम्म लम्बाई भएको Dead End र Loop भएको बाटोको चौडाई ४ मिटर हुने सम्बन्धी व्यवस्था सूर्यविनायक नगरपालिकाको भवन निर्माण तथा नक्सापास निर्देशिका, २०७८ मा रहेकोमा यस नगरपालिका अन्तर्गत वडा नं. २ मा पर्ने गोधुली मार्ग जाने बाटो Dead End र Loop Type को भएकोले सो बाटोको चौडाई ४ मिटर कायम गर्न २ नं. वडा समितिको सिफारिस सहितको वडा कार्यालयको पत्र बमोजिम नगर कार्यपालिकाको मिति २०७९।१०।२८ गतेको १३८ औं बैठकबाट उक्त बाटोको चौडाई ४ मिटर कायम गर्ने निर्णय भएको, सो निर्णयका सम्बन्धमा स्थानीयबासीहरुबाट नगर कार्यपालिकाबाट उक्त निर्णय हुनुभन्दा अगाडि कतिपय घरहरु ६ मीटरको मापदण्ड बमोजिम नै निर्माण भई सकेकोले हाल आएर ४ मीटर कायम गर्दा दोहोरो मापदण्ड लागू भई सामाजिक न्यायको सिद्धान्त विपरित हुन जाने भएको हुदाँ कार्यपालिको उक्त निर्णय उपर पुर्नविचार गर्नुपर्ने भनि गुनासो निवेदन नपा कार्यालयमा प्राप्त भए पछि नगरपालिकाबाट प्राविधिक टोली पठाई फिल्ड नापजाँच गर्दा सो स्थानका कतिपय घरहरु ६ मीटरको मापदण्ड बमोजिम बनेको समेत पाईएको तथा त्यहाँको Dead End बाटोको लम्बाई १४३.५ मिटर र Loop भएको बाटोको लम्बाई १६६ मिटर रहेको पाइएको परिप्रेक्ष्यमा Loop भएको बाटोको लम्बाई सूर्यविनायक नगरपालिकाको भवन निर्माण तथा नक्सापास निर्देशिका, २०७८ मा उल्लेखित व्यवस्था भन्दा फरक रहेको हुँदा उक्त गोधुलीमार्गको बाटोको चौडाईको सम्बन्धमा मिति २०७९।१०।२८ गतेको १३८ औं कार्यपालिका बैठकबाट गरिएको निर्णय खारेज गरी साविक बमोजिम ६ मिटरकै व्यवस्था कायम गर्ने र सोही बमोजिम गर्ने गराउने व्यवस्थाको लागि नगरपालिकाको सम्बन्धित शाखा र सम्बन्धित वडा कार्यालयलाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं ९**

सूर्यविनायक नगरपालिका वडा नं ९ स्थित भुवनेश्वरी मा.वि.को भवन निर्माणको लागि तपसिल बमोजिमको सार्वजनिक पर्ति जग्गा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | जग्गा रहेको ठेगाना | | कित्ता नं | जग्मा क्षेत्रफल | आवश्यक क्षेत्रफल |
|---|---|---|---|---|---|
| | साविक | हाल | | | |
| १ | नंखेल २ क | सूनपा ९ | ७८३ | २ रोपनी १० आना | २ रोपनी १० आना |

**निर्णय नं १०**

नगरपालिका अन्तर्गत चित्तपोल स्वास्थ्य चौकी सूनपा-१० मा ल्याब सेवा संचालनको लागि तोकिएको योग्यता पुगेको १ जना व्यक्तिलाई मिति २०७९ साल चैत्र १ गते देखि हाललाई बढीमा २०८० साल असार मसान्त सम्मको लागि करार सेवामा नियुक्त गरी नगरपालिकाभित्र ल्याब सेवा संचालन भएका अन्य स्वास्थ्य चौकीमा ल्याबमा कार्यरत व्यक्तिलाई उपलब्ध गराउँदै आएको पारिश्रमिक (मासिक रु. पन्ध्र हजार) भुक्तानी दिने गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सचिवालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ११**

यस नगरपालिका वडा नं ९ र १० का लागि ११ औं नगरसभा अधिवेशन र कार्यपालिकाबाट विनियोजन भएको तपसिल बमोजिमको योजना तथा कार्यक्रमहरुमा तपसिल बमोजिम संसोधन गर्न वडा समिति निर्णय सहित प्राप्त सिफारिस अनुसार संसोधन गर्ने निर्णय गरियो ।

क.

| साविक योजनाको नाम र वडा नं | संसोधित योजना | रकम रु. |
|---|---|---|
| खडका टोलमा खानेपानी टयांकी निर्माण ९ | खानेपानी टयाँकी संरक्षण मेशन वाल | १०००००० |

ख.

| वडा नं | कार्यपालिकाबाट निर्णय भएको मिति | योजनाको नाम | स्वीकृत रकम | संसोधन गर्ने योजनाको नाम | रकम रु. |
|---|---|---|---|---|---|
| १० | २०७९।१०।२८ | देउजा टोलबाट बाहुन टोल सडक | १५००००० | देउजा टोलबाट बाहुन टोल सडक<br>इच्छेश्वर मन्दिर रंग रोगन तथा क्रियापुत्री भवन | १००००००<br>५००००० |